pwdmcmakrahar2@gmail.com

# प्रगतिशील महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

ति.न.पा.-१०, बेवरी, रुपन्देही
स्था.: २०५४

पत्र संख्या :- 066/062
चलानी नं. :- १५

मिति 2066/05/15

## सूचना !! सूचना !! सूचना !!!

तिलोत्तमा नगरपालिका र संयुक्तराष्ट्र संघिय विकास कार्यक्रम (UNDP)को आर्थिक तथा प्राविधिक सहयोगमा प्रगतिशिल म.वि.ब.स.सं.लि.द्वारा तिलोत्तमा नगरपालिका वडा नं ४,६,७,८,१०,११,१२,१५,१६र १७मा संचालन हुनेव्यवसायिक आलु उत्पादन, बीजबृद्धि तथा व्यवसायिक तरकारी खेती कार्यक्रममा सहभागी हुन चाहने कार्यक्रम संचालन हुने वडाहरुका ईच्छुक कृषक समूह \कृषि समूह आलु उत्पादक\कृषि सहकारी संस्था\व्यवसायिक कृषि फर्महरु\संस्थाका सदस्य\रोजगारी गुमाई विदेशबाट फर्किएका वा स्वदेशमै बेरोजगार रहेका युवाहरु, टोल बिकास संस्थादलित समूह तथा विपन्न वर्गहरुले देहाय शर्तका अधिनमा रहि ७ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका, म्याद नाघी प्राप्त हुन आएका प्रस्तावनाहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। प्रस्ताव पत्र, निवेदनको ढाँचा यस संस्थाको कार्यलय\Facebook page तथा तिलोत्तमा नगरपालिकाको वेबसाइट www.tilottamamun.gov.npबाट डाउनलोड गर्न सकिनेछ।

देहाय:

- कार्यक्रम संचालन गर्ने जग्गाको क्षेत्रफल कम्तिमा ५ विगाह देखि अधिकत्तम ७ विगाह सम्मको हुनुपर्नेछ।
- खण्डिकृत जग्गा भन्दा एकिकृत रुपमा रहेको जग्गालाई प्राथमिकता दिइनेछ। तर कुनै स्थानमा त्यस्तो जग्गा प्राप्त हुन सक्ने अवस्था नरहेमा किसानहरुको माग भई आएमा नजिकै रहेको प्लटहरुको क्षेत्रफल समेत जोडी कार्यक्रममासंचालन गर्न सकिनेछ।
- किसानहरुलाई आफुलाई लाभ हुने गरि जग्गाको अवस्था, सिँचाईको उपलब्धता समेतलाई विचार गरि आफुहरुले आलु उत्पादन, बिउ उत्पादन वा तरकारी खेती के गर्न चाहने हो त्यस्को विबरण प्रस्तावनामा स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
- कार्यक्रम संचालनको लागि संस्थाको कार्यलयबाट प्राविधिक सहायता \ तालिम, मल,विउ तथा कृषि उपकरणहरु, भण्डारणमा अनुदान उपलब्ध गराइनेछ।

नोटः जानकारीको लागि प्रगतिशिल म.वि.ब.स.सं.लि..को कार्यलय, तिनपा-१०, बेबरी वा टेलिफोन नः०७१-५१०१५६\९८४७३४१४६८ \ ९८४७०२३२९३\ ९८४७५२८८७५मा सम्पर्क गर्न सकिनेछ।

अध्यक्ष
सीता न्यौपाने उपाध्याय